# विद्यार्थी वित्तीय सहयोग कोष प्रशासन कार्यक्रम (२००८-२०११)
## प्राय जसो आइरहने सवालहरु

१. **विद्यार्थी वित्तीय सहयोग प्रशासन कार्यक्रम भनेको के हो ?**

- विश्व बैंकको सहयोगमा दोश्रो उच्च शिक्षा परियोजना मार्फत सञ्चालन भएको कार्यक्रम हो ।
- कार्यक्रम अन्तर्गत देशभरबाट छनौट भएका उच्च माध्यमिक विद्यालय र स्नातक तह अध्ययनको लागि विद्यार्थीहरुलाई आवश्यक आर्थिक सहयोग प्रदान गरिन्छ ।
- विद्यार्थी वित्तीय सहयोग कोष विकास समितिको लागि कोष प्रशासकको रुपमा राष्ट्रिय वाणिज्य बैंक कार्यरत रहेको छ ।

२. **राष्ट्रिय वाणिज्य बैंक प्रशासक हुँदा के कस्तो फाइदा हुन्छ ?**

- देशभर रहेका शाखा कार्यालयहरूमार्फत प्रशासकको हैसियतले आर्थिक सहयोग रकम विद्यार्थीहरुलाई सहज रुपमा उपलब्ध गराउन सक्छ ।

३. **कार्यक्रमको समयावधि कति सम्म रहेको छ ?**

- कार्यक्रम शैक्षिक वर्ष २०६५-६६ देखि ३६ महिनासम्म सञ्चालनमा रहने छ ।
- उक्त समयावधि भित्र आर्थिक सहायताका लागि छनौट भएका विद्यार्थीले अध्ययनरत तह भरी आर्थिक सहायता प्राप्त गर्न सक्नेछन् ।

४. **कार्यक्रममा सहभागी हुन विद्यार्थीले के गर्नु पर्दछ ?**

- परियोजनामा सहभागी हुन विद्यार्थीले तोकिएको ढाँचामा दरखास्त दिनु पर्नेछ ।

५. **दरखास्त फाराम कहाँ पाइन्छ ?**

- जिल्ला शिक्षा कार्यालय, विद्यालय, क्याम्पस वा कार्यक्रम अधिकृत मार्फत फाराम प्राप्त गर्न सकिनेछ ।
- दरखास्त फारामको फोटोकपी गरेर पनि भर्न सकिनेछ ।
- दरखास्त फाराम निम्न वेभसाइटवाट पनि प्राप्त गर्न सकिनेछ । www.rbb.com.np, www.sfafdb.edu.np, www.devtec.com.np,www.ridanepal.com

६. **कस्ता विद्यार्थीहरुदरखास्त फाराम भर्न योग्य हुनेछन् ?**

- उच्च माध्यमिक तहको अध्ययनका लागि कक्षा १० मा र स्नातक तहको अध्ययनका लागि कक्षा १२ मा अध्ययनरत रहेका
- गरीव परिवारवाट आएका
- आफू अध्ययन गर्न चाहने तह पुरा गर्न कटिबद्ध रहेका ।

७. **गरीवि मापन सूचकहरू(Proxy Means Testing Indicator) के के हुन् ?**

| | | | |
|---|---|---|---|
| १. भित्ताको किसिम | २. भुँईको किसिम | ३. छानाको किसिम | ४. शौचालयको किसिम |
| ५. प्रकाशको व्यवस्था | ६. चूल्होको किसिम | ७. खानेपानी को श्रोत | ८. नजिकको बसस्टप सम्मको दुरी |
| ९. भाइबहिनीको संख्या | १०. नीजि विद्यालयमा अध्ययरत दिदीबहिनीहरूको संख्या | ११. आमा बाबुको शैक्षिक स्तर | १२. जाति/ जनजाति |

८. **दरखास्त फाराम भर्दा के कुरामा ध्यान दिनु पर्दछ ?**

- फाराम दिएका निर्देशनहरूअध्ययन गरी अभिभावकसँग छलफल गर्ने
- दरखास्त फारामको लागि आफू योग्य भए वा नभएको पत्ता लगाउने
- सही जानकारी तथा विवरण उपलब्ध गराउने
- केरमेट नगरीकन प्रष्ट र सफा अक्षरमा फाराम भर्ने

९. **दरखास्त फाराम भर्दा के के चाहिन्छ ?**

- हाल अध्ययनरत शैक्षिक विवरण
- स्थायी तथा हालको सम्पर्क ठेगाना
- २ प्रति पासपोर्ट साइजको फोटो

१०. **दरखास्त फारामको प्रारम्भिक जाँच कसले गर्दछ ?**

- विद्यार्थी स्वयम्
- अभिभावक
- विद्यालय वा क्याम्पस

११. **फाराममा भरेका विवरणहरू सही भए नभएको कसरी पत्ता लगाइन्छ ?**

- विशेषज्ञले घर टोलमा गई दरखास्त फाराममा दिएको जानकारी सही भए नभएको प्रमाणित गर्दछन् ।

१२. **दरखास्त फाराममा गलत जानकारी दिएमा के हुन्छ ?**

- हालको कार्यक्रम र भविष्यमा नेपाल सरकार अन्तरगतको विद्यार्थी वित्तीय सहयोग कोष विकास समितिवाट सञ्चालन हुने अन्य आर्थिक सहायता सम्वन्धी कार्यक्रममा संलग्न गराइने छैन ।

१३. **दरखास्त फाराम कहाँ बुझाउने ?**

- विद्यार्थीले आफूले भरेको दरखास्त फाराम सम्बन्धित विद्यालयमा बुझाउने ।
- विद्यालयले विद्यार्थीहरुको दरखास्त संकलन गरी सम्बन्धित दरखास्त संकलन केन्द्र वा जिल्ला शिक्षा कार्यालयमा बुझाउने।

१४. **विद्यार्थी छनौट भए नभएको प्रारम्भिक सूची र अन्तिम नामावलीका लागि कहाँ सम्पर्क राख्ने ?**

- सामुदायिक माध्यमिक विद्यालय र सामुदायिक उच्च माध्यमिक विद्यालय
- राष्ट्रिय वाणिज्य बैंक लि. को शाखा कार्यालय
- जिल्ला शिक्षा कार्यालय

१५. **विद्यार्थीले आफू छनौट हुनु पर्ने अवस्थामा पनि छनौट नभएको खण्डमा अपिल गर्न पाइन्छ कि पाइँदैन ?**

- कार्यक्रमले तोकेको ठाउँमा नतिजा प्रकाशन भएको १५ दिन भित्र आवश्यक धरौटी (रु ३००) राखी कारण खुलाई पुर्नपरीक्षणका लागि निवेदन दिन सक्नेछन्।

१६. **विद्यार्थीको अन्तिम छनौट कसरी हुन्छ ?**

- यस कार्यक्रमका लागि योग्य मानिएका विद्यार्थीहरुको सूची विद्यार्थी वित्तीय सहयोग कोष विकास समितिमा पठाइन्छ र समितिवाट लाभान्वित हुने विद्यार्थीको अन्तिम सूची स्विकृत भएपछि अन्तिम नामावली प्रकाशित गरिन्छ ।

१७. **विद्यार्थीले छनौट भए पछि आर्थिक सहायता प्राप्त गर्न के गर्नु पर्दछ ?**

- आफू अध्ययन गर्न चाहेको तहमा भर्ना भएको ।
- नजिकको राष्ट्रिय वाणिज्य बैंक लि. को शाखा कार्यालय ( रावाबैलि नभएको खण्डमा तोकिएको अन्य बैंक) मा बचत खाता खोलेको ।

१८. **छनौट भएका विद्यार्थीले कति आर्थिक सहयोग रकम पाउँछन् ?**

- उच्च माविमा अध्ययन गर्नका लागि बढीमा रु.१६,०००।- रकम प्राप्त गर्न सक्छन् ।
- उच्च शिक्षामा अध्ययन गर्नका लागि बढीमा रु.४०,०००।- रकम प्राप्त गर्न सक्छन् ।

१९. **राष्ट्रिय वाणिज्य बैंकमा खाता खोल्दा विद्यार्थीलाई पैसा लाग्दछ कि लाग्दैन ?**

- लाग्दैन, शुन्य मौज्दातमा वचत खाता खोल्न सकिने व्यवस्था गरिएको छ ।
- उक्त खातामा विद्यार्थीहरुलाई व्याज पनि उपलब्ध हुने व्यवस्था छ ।
- कार्यक्रमवाट सहायता सकिएपछि पनि विद्यार्थीले उक्त खाता सञ्चालन गरीरहन सक्नेछन् ।

२०. **विद्यार्थीको पहिले नै बैंक खाता भएमा फेरी खोल्न पर्दछ कि पर्दैन ?**

- यस कार्यक्रमवाट आर्थिक सहायता प्रदान गर्न विशेष खाता सञ्चालन मा आएकोले सोही अनुसार खाता खोल्न पर्दछ ।
- विद्यार्थीको पहिले नै रहेको बैंक खातालाई पनि प्रक्रिया पुर्‍याई विशेष खातामा परिवर्तन गर्न सकिनेछ ।

२१. **कहिले सम्म बैंक खाता खोलि सक्नु पर्ने छ ?**

- आर्थिक सहायताका लागि अन्तिम सूचना प्रकाशित भएको मितिले तोकेको निर्धारित समय भित्रसम्बन्धित बैंकमा खाता खोलिसक्नु पर्ने छ ।

२२. **राष्ट्रिय वाणिज्य बैंकमा खाता खोल्दा के के कागजात पेश गर्न पर्दछ ?**

(क) वचत खाताको नियमानुसारको निवेदन तथा दस्तखत नमूना,
(ख) तीन प्रति पासपोर्ट साइजको फोटो (२ प्रति बैंक खाता खोल्न र १ प्रति कवुलियतनामाको लागि),
(ग) नागरिकता / पासपोर्टको छवीप्रति(आफैंले प्रमाणित गरेको)
(घ) प्रवेशिका लब्धाङ्क पत्रको प्रतिलिपी (उच्च माविका विद्यार्थीका लागि) र उमावि लब्धाङ्क पत्रको प्रतिलिपी (स्नातक तहका विद्यार्थीका लागि),
(ङ) कवुलियतनामा, र
(च) सम्वन्धित उच्च मावि तथा क्याम्पसमा अध्ययनरत रहेको सिफारिस ।

२३. **खातामा उपलब्ध भएको आर्थिक सहायता एकैचोटी झिक्न पाइन्छ कि पाइँदैन ?**

- पाइँदैन ।
- पहिलो वर्षको लागि खातामा उपलब्ध भएको रकम न्यूनतम तीन महिनाको फरक हुने गरी न्यूनतम तीन किस्तामा स्वयम् विद्यार्थीको उपस्थितिमा चेकवाट भुक्तानी दिन सकिने छ ।
- एक किस्तामा बढीमा निम्नानुसार रकम हुनेछ ।

| | |
|---|---|
| उच्च माध्यमिक विद्यार्थी | रु ३,०००।- |
| ३ वर्षे स्नातक तह विद्यार्थी | रु ४,५००।- |
| ४ वर्षे स्नातक तह विद्यार्थी | रु ३,५००।- |
| ५ वर्षे स्नातक तह विद्यार्थी | रु ३,०००।- |

२४. **राष्ट्रिय वाणिज्य बैंकवाट रकम झिक्दा के पेश गर्नु पर्दछ ?**

- राष्ट्रिय वाणिज्य बैंकले प्रदान गरेको चेक
- अध्ययनरत रहेको वारे सम्वन्धित उमावि वा क्याम्पसको सिफारिस

२५. **यसरी खोलिएको बैंक खाता वन्द गर्न पाइन्छ कि पाइँदैन ?**

- आर्थिक सहयोग प्राप्त गर्नको लागि बैंक खाता आवश्यक रहन्छ।
- आर्थिक सहयोग पुरा भएपछि यस खातालाई साधारण बचत खातामा परिवर्तन गर्न वा बन्द गर्न सकिने छ ।

२६. **के प्रत्येक वर्ष विद्यार्थीलाई आर्थिक सहयोग निरन्तर प्राप्त हुन्छ?**

- पछिल्लो बर्षको आर्थिक सहायता प्राप्त गर्न विद्यार्थीको अघिल्लो बर्षको शैक्षिक प्रगति निर्भर रहन्छ ।
- अन्तिम परीक्षाको सवै विषयमा उत्तिर्ण भएका विद्यार्थीहरूअर्को शैक्षिक सत्रको लागि आर्थिक सहायता प्राप्त गर्न योग्य हुनेछन्।

२७. **छनौट भएपछि नीजि शैक्षिक संस्थाहरुमा अध्ययन गर्न पाइन्छ कि पाइँदैन ?**

- पाइन्छ, कार्यक्रम अर्न्तगत प्राप्त हुने आर्थिक सहयोग भने तोकिएको रकम वाहेक थप प्राप्त हुने छैन ।

२८. **उच्च माध्यमिक शिक्षा पूरा गरेका विद्यार्थीले निरन्तर रुपमा स्नातक तहको अध्ययनको लागि पनि सहयोग पाउँछन् कि पाउँदैनन् ?**

- पाउन सक्छन्, यसका लागि कक्षा १२ मा नै अध्ययनरत हुँदा तोकिएको प्रक्रियाका आधारमा अन्य विद्यार्थी सरह नै पुनः आवदेन दिनु पर्दछ ।

२९. **अध्ययन स्वः रोजगार कार्यक्रम भनेको के हो ?**
विद्यार्थीहरुले अध्ययन गर्दा गर्दै आंशिक समयमा आयमूलक कार्यमा संलग्न हुने कार्यक्रम हो ।

३०. **अध्ययन स्वःरोजगार कार्यक्रममा कसका लागि हो ?**

- यो कार्यक्रममा घरबाट टाढा रही अध्ययनरत ११ र १२ कक्षाका विद्यार्थीहरू र स्नातक तहका विद्यार्थीहरुका लागि हो ।

३१. **प्रशासकले अध्ययन स्वःरोजगार कार्यक्रमलाई कसरी सहयोग पुर्‍याउँदछ ?**

- विद्यार्थीहरुलाई अध्ययन स्वःरोजगार प्राप्त गर्न सहयोगी भूमिका खेल्ने छ । अध्ययन स्वःरोजगारको सुनिश्चितता भने गर्दैन ।

३२. **यस कार्यक्रममा कर्जा सुविधा पनि छ ?**

- यस कार्यक्रममा सहभागी स्नातक तहका विद्यार्थीहरूलाई विनाधितो अधिकतम रु. १०,०००/- सम्म बैंकको नियम अनुसार कर्जा उपलब्ध गराउन सकिने छ । यसको लागि बैंकले माग गरेका विवरणहरू उपलब्ध हुनु पर्नेछ । बैंकको नियम अनुसार ब्याजदर निर्धारण हुनेछ ।
- उक्त कर्जा विद्यार्थीले आफ्नो अध्ययन अवधि सकिने समय भित्रै तिरी सक्नु पर्ने छ ।

३३. **समयमा नै कर्जा नतिरे के हुन्छ ?**

- विद्यार्थीले पाउने आर्थिक सहायता रोकिन्छ ।
- विद्यार्थीले उत्तीर्ण गरेको तहको शैक्षिक नतिजा रोक्का गरिन्छ ।

३४. **यस कार्यक्रमको वारेमा थप जानकारी चाहिएमा कहाँ सम्पर्क गर्न सकिन्छ ?**

- विद्यार्थी वित्तीय सहयोग कोष विकास समिति, झम्सिखेल, काठमाण्डौ । फोन नं. ०१ ५०१३५५६
इमेल : sfafdv@wlink.com.np
कोष प्रशासक : रा.वा.बैं.लि, केन्द्रिय कार्यालय, शैक्षिक सहयोग परियोजना, सिंहदरवार प्लाजा, काठमाण्डौ ।
फोन नं. ०१-४२५२५९५ Ext. १७६१
इमेल : eaph274@rbb.com.np
- सहयोगी संस्था : डेभटेक नेपाल र रिडा, केन्द्रिय सम्पर्क कार्यालय, जमल, काठमाण्डौ ।
पो.व.नं. २५४१४, फोन नं. ०१ ६२२७७९३,/४२५३१७२
मोवाइल :९८४१९२२४६/९७४११७८००२
इमेलः ridanepal@yahoo.com
mahendra.shrestha@devtec.com.np